जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी

राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईंलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८०१५००३५६
इमेल : mgnd2070@gmail.com

बर्षः १२, अंकः १८१ पृष्ठः ४ | २०८२ कार्तिक २१ शुक्रबार (Friday 07 Nov. 2025) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com

## हाजिरीजवाफ र सांस्कृतिक कार्यक्रम गरेर कार्तिक मेला सम्पन्न




**जीवछ यादव**

लहान, २० कार्तिक। कार्तिक मेला माध्यमिक विद्यालयस्तरीय हाजिरी जवाफ र सांस्कृतिक कार्यक्रम गरेर सम्पन्न भएको छ। सखुवानन्कारकटि वडा नम्बर ३ शान्तिनगर बजारको १२ औं वार्षिकोत्सवको अवसरमा आयोजना गरिएको कार्तिक मेला माध्यमिक विद्यालय स्तरीय हाजिरीजवाफ र सांस्कृतिक कार्यक्रम गरेर सम्पन्न भएको हो। बाह्र वर्ष अघि स्थानीयको सक्रियतामा लगाएको शान्तिनगर बजारमा प्रत्येक वर्ष कार्तिक पूर्णिमाको दिन विद्यालयस्तरीय हाजिरीजवाफ र सांस्कृतिक कार्यक्रम मेलाको रौनक प्रतियोगिता र विद्यार्थीहरूले नै गर्ने सांस्कृतिक कार्यक्रमको रौनकता प्रत्येक वर्ष बढ्दो क्रममा रहेको शान्तिनगर बजार समितिका अध्यक्ष रामनारायण यादवले बताउनुहुन्छ।

बजार स्थापना भएकै वर्षदेखि कार्तिक पूर्णिमाको अवसरमा मेला हेर्न आउने स्थानीयले आफ्नै बालबालिकाले गर्ने सांस्कृतिक कार्यक्रम र हाजिरीजवाफ हेरेर मनोरञ्जनसँगै शिक्षा र चेतना प्रवाह भइरहेको मेला हेर्न आएका स्थानीयले सुनाए। सखुवानन्कारकटि शिक्षा शाखाका प्रमुख भोगेन्द्रप्रसाद यादवले यस पालिकामा रहेका चारवटै माध्यमिक विद्यालयका विधार्थीहरु बिच भएको प्रतियोगितामा प्रथम, द्वितीय, तृतीय स्थान प्राप्त गर्ने विद्यार्थीहरूलाई शैक्षिक सामग्री पुरस्कारमा दिएर हौस्याउने कार्य भइरहेको बताउनुभयो।

शान्तिनगर बजारको व्यवस्थापनको लागि बजारमा सार्वजनिक शौचालय र पक्की सडक निर्माणका लागि आफू मधेश प्रदेशसभाको सदस्य रहेको

**–बाँकी दुई पेजमा**

## चिकित्सकहरूको माग सम्बोधन हुने

जनकपुर, २० कार्तिक। जनकपुरधामका निजी अस्पतालहरूको संगठन एसोसिएसन अफ प्राइभेट हेल्थ इन्स्टिच्युट अफ नेपालमा आबद्ध अस्पतालहरूले आफ्ना अस्पतालमा कार्यरत स्वास्थ्यकर्मीहरूको माग सम्बोधन गर्ने जानकारी गराएका छन्। बिहीबार जनकपुरधाममा पत्रकार सम्मेलन गर्दै ती निजी अस्पतालका सञ्चालकहरूले न्यूनतम तलब पाउनुपर्ने भन्दै आन्दोलनमा रहेका आफ्ना अस्पतालका स्वास्थ्यकर्मीहरूको माग सरकारले तोकेको मापदण्ड अनुसार सम्बोधन गर्ने प्रतिबद्धता जाहेर गरेका छन्।

उनीहरूले चिकित्सकहरूलाई सम्बन्धित अस्पताल प्रशासनसँग आफ्नो कुरा राखेर छलफल गर्न आएमा आफूहरूले सकेसम्म तलब सुविधा उपलब्ध गराउने बताए। संघीय स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको मिति २०८२/०७/१६ को विज्ञप्तिको बुँदा ३ तथा ४ मा उल्लेख भए अनुसार प्रा. डा. श्रीकृष्ण श्रेष्ठको संयोजकत्वमा गठित समितिले १ महिना भित्र अस्पतालहरूको वर्गीकरण गरी पारिश्रमिक सम्बन्धी कार्य योजना तयार पार्ने भनेको छ।

सोही निर्णय प्रति जनकपुरधामका निजी अस्पतालका सञ्चालकहरूले

**–बाँकी अन्तिम पेजमा**

## एक दिन पनि टिकेन निमित्त मेसुको जिम्मेवारी

तर, बुधबार जेन–जी सप्तरीका युवाहरूले निमित्त मेसु नराख्नेलगायत चारबुँदे मागसहित प्रमुख जिल्ला अधिकारीमार्फत स्वास्थ्य तथा जनसंख्या मन्त्रीलाई ज्ञापन–पत्र बुझाएपछि पुनः डा.साहलाई नै यथावत् गरिएको छ।

राजविराज, २० कार्तिक। सप्तरीको गजेन्द्रनारायण सिंह अस्पताल राजविराजमा ११ औं तहका मेडिकल सुपरिटेन्डेन्ट (मेसु)लाई हटाएर १० औं तहका कर्मचारीलाई निमित्त दिएको भोलिपल्टै जिम्मेवारी खोसिएको छ। मंगलबार नै स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले गत चैत ७ देखि कार्यरत ११ औं तहका मेसु डा.प्रकाशप्रसाद साहलाई हटाएर १० औं तहका कर्मचारी डा.नागेन्द्रप्रसाद यादवलाई निमित्तको जिम्मेवारी दिएको थियो।



तर, बुधबार जेन–जी सप्तरीका युवाहरूले निमित्त मेसु नराख्नेलगायत चारबुँदे मागसहित प्रमुख जिल्ला अधिकारीमार्फत स्वास्थ्य तथा जनसंख्या मन्त्रीलाई ज्ञापन–पत्र बुझाएपछि पुनः डा.साहलाई नै यथावत् गरिएको छ। बुधबार मन्त्रालयको कर्मचारी प्रशासन शाखाले चलानी नम्बर २०८ उल्लेख गरी पठाएको पत्रमा डा.साहलाई अर्को व्यवस्था नभएसम्मका लागि यथावत् रूपमा कामकाज गर्न भनिएको छ। बुधबार पठाइएको सो पत्रमा कार्तिक १८ मा भएको मन्त्रीस्तरीय निर्णयअनुसार भनी उल्लेख गरिएको छ। यसअघि

**–बाँकी दुई पेजमा**

## ३ थान बन्दुक र ठूलो परिमाणमा गोलीसहित काठमाण्डौबाट १ जना पक्राउ

काठमाडौं, २० कार्तिक। प्रहरीले तीन थान बन्दुक र ठूलो परिमाणमा गोलीसहित काठमाण्डौबाट एक जनालाई पक्राउ गरेको छ। पक्राउ पर्नेमा कैलालीको टीकापुर नगरपालिका–१ घर भई काठमाण्डौको तारकेश्वर नगरपालिका–११ मनमैजु, लोकतान्त्रिक चोकमा बस्ने २३ वर्षीय शिवराज धमला रहेका छन्। प्रहरीले शिवराजको कोठा तलासी गर्दा इन्सास राइफल एक थान, शर्टगन एक थान, ठूलो चाइनिज पेस्तोल एक थान, एसएलआर

**–बाँकी अन्तिम पेजमा**




**GUPTA BROTHER'S AUTO TRADE**
Mirchaiya, 033-550744 | 9801552812

## निमोनियाबाट बचौं र बचाऔं।

**निमोनिया संक्रमणका लक्षणहरुः**

- ज्वरो आउने, खोकी लाग्ने,
- स्वासप्रश्वासको गति बढ्ने, स्वास फेर्न गाह्रो हुने,
- स-साना बालबालिकालाई आमाको दुध चुस्न गाह्रो हुने,
- शरीर निलो हुने जस्ता लक्षण देखा पर्न सक्छन्।

**बालबालिकालाई निमोनियाबाट बचाउनः**

- नियमित रुपमा लगाइने खोपहरु लगाऔं,
- आमाको दुधका साथै पोषणयुक्त थप आहार खुवाऔं,
- धुलो, धुवाँ, चिसो तथा प्रदुषणबाट बचाऔं।
- सरसफाईमा उचित ध्यान दिऔं।
- संक्रमण भएमा चिकित्सकसँग परामर्श गरौं।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

# सम्पादकीय

## उत्तेजना र अराजकता नफैलाऊ

जेन–जी युवाले मूलतः सामाजिक सञ्जालकै परिचालन गरेर आह्वान गरेको आन्दोलनले देशको निर्वाचित संसद् भङ्ग गरायो भने सरकारलाई सत्ताबाट हटायो। त्यही आन्दोलनकै नाममा भदौ २४ गते नेपालमा पहिले कहिल्यै नभएको विध्वंस पनि भयो।

सामाजिक सञ्जालको शक्ति थाहा नपाउने वा स्वीकार गर्न नचाहने र त्यसलाई 'हाहाहुहु'मात्रै ठान्नेहरूको पनि अब त आँखा खुल्नुपर्ने हो। यति सबै देखे भोगेपछि सामाजिक सञ्जालकै प्रयोगले यति भयङ्कर घटना हुनसक्दा रहेछन् भन्ने बुझेर यसको प्रयोगमा जिम्मेवार हुनुपर्ने थियो।

विडम्बना, आन्दोलन गरेको दाबी गर्नेदेखि आन्दोलनलाई 'राष्ट्रिय अन्तर्राष्ट्रिय शक्तिको खेल' ठान्नेहरूसम्मका धेरै अझै पनि सामाजिक सञ्जालको प्रयोगमा जिम्मेवार हुन सकेका छैनन्। यिनको गैरजिम्मेवार छुद्र प्रवृत्तिले कुनै पनि बेला अर्को अकल्पनीय विध्वंस निम्त्यायो भने आश्चर्य हुनेछैन।

आन्दोलनपछि नेपालको संविधानअनुसार नै सरकार गठन भएको हो। अहिले सरकारले आन्दोलनको भावनाअनुसार गर्न सकेन भनेर चर्को स्वरमा आलोचना गर्न सजिलो छ। तर, सरकार गठन हुँदाको अन्योल र अराजकता धेरै हदसम्म साम्य भएकोमा जस पनि त यही मन्त्रिपरिषद्ले पाउने होला ! यसको अर्थ सरकारको निगरानी र आलोचना गर्न छाड्नुपर्छ भन्ने पनि होइन। आलोचना हुन छाड्यो भने सरकार निरंकुश हुने डर हुन्छ। यस्तै, सरकारले आलोचना सहन छाड्यो भने त झन् निरंकुश भएको प्रमाण अरू खोज्नै पर्दैन।

परन्तु, सरकारको आलोचनाका नाममा अहिले देखिएको उत्तेजक र अराजक शैली एवं प्रवृत्ति भने पक्क पनि उचित होइन। कुनै पनि विषयमा सभ्य र शालीन भएरै पनि गम्भीर आलोचना हुन सक्छ। अश्लील र अराजक अभिव्यक्तिले व्यक्तिको चरित्र उजागर हुनेमात्रै हो। देश यति भयंकर विध्वंसबाट भर्खर तङग्रिन खोज्दै छ। यस्तो बेलामा देशलाई माया गर्ने जिम्मेवार नागरिक उत्तेजित वा अराजक हुनै सक्तैन। देशप्रति जिम्मेवारी बोध नगर्नेहरूमात्र उत्तेजना, अविश्वास, कटुता र द्वेष फैलाउन उद्यत हुनसक्छन्।

शान्ति सुरक्षा नै चुनौती भएका बेला देशमा प्रतिनिधि सभाको निर्वाचन गराउने दायित्व सरकारको काँधमा छन्। सबैले सहयोग नगर्ने हो भने सरकारले यही दायित्व पनि पूरा गर्न सक्तैन। त्यही कारणले पनि कम्तीमा देशमा लोकतन्त्र रहोस् भन्ने चाहने सबै संयमित र जिम्मेवार हुनु आवश्यक छ। भन्छन्, कुबेलाको बोली अलच्छिन हुन्छ। आवेगमा दिइने सार्वजनिक अभिव्यक्तिले व्यक्ति स्वयंको पनि ठूलो अहित हुनसक्छ। यसैले सरकारमा हुने र बाहिर बस्नेहरू कसैले पनि उत्तेजना बढाउने अराजक अभिव्यक्ति दिनु राष्ट्रिय हित विपरीत हुन्छ भन्ने हेक्का राखौँ।

### हाजिरीजवाफ ...

बेलामा विकास गरिएको पूर्व प्रदेशसभा सदस्य अशोककुमार यादवको भनाइ छ।

लहान नगरपालिकादेखि पाँच किलोमिटर दक्षिणमा लाग्ने शान्तिनगर बजार बाह्र वर्षमा नै यस अवस्थामा आइपुग्नु र विकासको गति लिइनुले दक्षिण भेगका एक दर्जनभन्दा बढी ग्रामीण भेगका किसानहरू तरकारी खेती धान र गहुँ खेतीका लागि आकर्षित भएका छन। यसैगरी, वैदेशिक रोजगारबाट आउने आधा दर्जन युवाहरू व्यापार व्यवसायमा लागेर आत्मनिर्भर भएको गाउँपालिका अध्यक्ष केदारनाथ यादवले खुसी व्यक्त गर्नुभयो।

शान्तिनगर बजार स्थापनाको लागि महदेवा पोर्ताहाको पूर्व गाउँ विकास अध्यक्ष रामनारायण यादव, शिक्षकद्वय बेचन यादव,भोगेन्द्रप्रसाद यादव, स्वर्गीय राजलाल यादव, स्थानीय राम उदगार यादव, समाजसेवी यदुनन्दन यादव ,नेपाली काँग्रेसका पुराना नेता सूर्यनारायण यादव लगायतले महत्वपूर्ण भूमिका खेलेको प्रशंसा गर्दै हाजिरी जवाफ प्रतियोगिता र सांस्कृतिक कार्यक्रम सम्पन्न गरिएको थियो।

### एक दिन पनि...

मंगलबार डा.यादवलाई निमित्त तोकिएको पत्रमा समेत कार्तिक १८ मा भएको मन्त्रीस्तरीय निर्णयअनुसार उल्लेख गरिएको थियो।

प्रमुख जिल्ला अधिकारी टुवराज पोखरेलमार्फत जेन–जी युवाहरूले बुझाइएको ज्ञापन–पत्रमा अस्पतालमा दरबन्दी रही काज सरुवामा रहेका चिकित्सक र कर्मचारीलाई फिर्ता वा वैकिल्पक व्यवस्था हुनुपर्ने, शीघ्र ३ सय शय्याको अस्पतालका लागि आवश्यक व्यवस्थापन मिलाउनुपर्ने र अस्पतालमा विशेष सेवा थप हुनुपर्ने माग गरिएको छ। स्वास्थ्यकर्मी र प्रशासन कर्मचारीको व्याप्त अभाव खेपिरहेको अस्पतालमा जनभावनाविपरीत गतिविधि नगर्न पनि ज्ञापन–पत्रमा आग्रह गरिएको थियो।

# जीवनसँग जोडिने शिक्षा

**रविप्रसाद बराल**

शिक्षा मानव जीवनको सबैभन्दा अमूल्य सम्पत्ति हो, जसले चेतना, संस्कार र समाजप्रतिको उत्तरदायित्व निर्माण गर्छ। आजको सामाजिक परिदृश्यमा शिक्षालाई पैसासँग जोडेर मूल्याङ्कन गर्ने प्रवृत्ति बढ्दै गएको छ। महँगो शुल्क लिने विद्यालय, आकर्षक भवन, आधुनिक प्रविधि र विदेशी नामले सजिएका संस्थालाई गुणस्तरीय शिक्षाको प्रतीक मान्ने चलन व्यापक छ। अभिभावकले पनि शुल्कको परिमाणलाई शिक्षाको स्तरसँग तुलना गर्ने र 'महँगो शिक्षा नै राम्रो शिक्षा' भन्ने धारणा धेरैको मनमा स्थापित हुँदै गएको छ।

जहाँ शिक्षा जीवनसँग जोडिन्छ, त्यहाँ ज्ञान मात्र होइन, चेतनासमेत जन्मिन्छ। त्यहीँ साँचो शिक्षाको आरम्भ हुन्छ। यस्तो शिक्षाले विद्यार्थीलाई जीवनका चुनौती सामना गर्न सक्षम बनाउँछ। सर्वश्रेष्ठ शिक्षा त्यहीँ पाइन्छ, जहाँ शिक्षकले हृदय खोलेर विद्यार्थीलाई सोच्न, बुझ्न र जीवनका मूल्य आत्मसात् गर्न प्रेरित गर्छन्। शिक्षक र विद्यार्थीबिचको आत्मीय सम्बन्ध, शिक्षणमा निष्ठा र जीवनसँग जोडिएको पाठ्यक्रम नै साँचो शिक्षाको जग हो। शिक्षा कुनै व्यापारिक वस्तु होइनन्न यो मानवीय चेतना र विवेकको विकास हो। नेल्सन मण्डेलाले भनेका छन्, 'शिक्षा नै संसार परिवर्तन गर्ने सबैभन्दा शक्तिशाली हतियार हो।' शिक्षा भनेको केवल प्रमाणपत्र प्राप्त गर्ने प्रक्रिया होइनन्न यो सोच, व्यवहार र जीवनदृष्टिको रूपान्तरण हो।

आजको परिवेशमा शिक्षाको मूल उद्देश्य ज्ञान, चेतना र मानवताभन्दा बढी यसको बजारीकरणलाई प्राथमिकता दिइएको देखिन्छ। विद्यालय, कलेज र विश्वविद्यालय ज्ञानको मन्दिर बन्नुभन्दा आकर्षक भवन, भव्य कार्यक्रम, र भौतिक सौन्दर्यको प्रदर्शनमा केन्द्रित हुँदै गएका छन्। शिक्षाको मानवीय पक्ष नैतिकता, सहानुभूति र सामाजिक उत्तरदायित्व अभिमुख गराउने प्रयास क्रमशः ओझेलमा पर्दै गएको छ। हाम्रो समाजमा दक्ष र प्रविधिमा निपुण जनशक्ति त देखिन्छ, तर चरित्रवान्, इमानदार र नैतिक मूल्यमा आस्था राख्ने नागरिकको संख्या घट्दै गएको छ। साँचो शिक्षा भनेको परीक्षा र प्रमाणपत्रको सीमाभन्दा पर गएर मानिसलाई सोच्ने, अनुभूति गर्ने र जिम्मेवारीपूर्वक समाजका लागि योगदान दिन प्रेरित गर्ने प्रक्रिया हो।

### क्षमता र स्वतन्त्रताको विस्तार

नोबेल पुरस्कार विजेता अर्थशास्त्री अमर्त्य सेनले आफ्नो प्रसिद्ध कृति डेभलपमेन्ट एज फ्रिडममा लेखेका छन्, 'शिक्षा विकासको साधन मात्र होइन, स्वतन्त्रताको अभ्यास पनि हो।' शिक्षा यस्तो शक्ति हो, जसले व्यक्तिमा सोच्ने, निर्णय गर्ने र आफ्नो जीवनको दिशा आफैँ तय गर्ने क्षमता अभिवृद्धि गर्छ। यसले मानिसलाई निर्भर होइन, स्वनिर्भर बनाउँछ।

सामाजिक, आर्थिक र भौगोलिक विविधता भएको हाम्रो जस्तो देशमा शिक्षा केवल रोजगारी पाउने माध्यम होइनन्न यो समानता, न्याय र सशक्तीकरणको बाटो हो। जब विद्यार्थीले अरूको पीडा महसुस गर्न, समाजको अन्यायप्रति संवेदनशील बन्न र आफ्नो अस्तित्वको अर्थ बुझ्न सिक्छन्, त्यही हो पैसाले किन्न नसकिने शिक्षा। यस्तो शिक्षाले परीक्षा र अङ्कभन्दा पर सोच्न सिकाउँछ, आत्मान्वेषण र सहअस्तित्वको मूल्य बोध गराउँछ।

वर्तमान शिक्षाले प्रायः विद्यार्थीलाई परीक्षा, अङ्क र प्रमाणपत्रको दौडमा सीमित बनाइरहेको छ। विद्यार्थीको सफलता जिपिए वा विदेश जान सक्ने क्षमताले मापन हुने प्रवृत्ति बढ्दो छ। साँचो शिक्षाको मापन सोच्ने शक्ति, सहानुभूति र सामाजिक उत्तरदायित्वमा हुन्छ। शिक्षाले यथार्थ बुझ्न, आफ्नो र समाजको दायित्व महसुस गर्न र अन्यायविरुद्ध आवाज उठाउन प्रेरित गर्नु पर्छ। शिक्षा पैसाले किन्न सकिँदैन, किनभने यो केवल ज्ञान होइन बोध हो। यो बौद्धिक प्रतिस्पर्धा होइन मानवीय चेतनाको विस्तार हो।

**असल शिक्षा त्यो हो, जसले मानिसलाई केवल ज्ञान मात्र होइन, विवेक, करुणा र सामाजिक उत्तरदायित्व प्रदान गर्छ। जब हाम्रो शिक्षा प्रणालीले यी गुणहरूलाई आत्मसात् गर्छ, तब मात्र नेपाल साँचो अर्थमा 'शिक्षित राष्ट्र' बन्न सक्छ जहाँ शिक्षा पैसामा होइन, मानवताका मूल्यमा टेकेको हुने छ।**

### शिक्षाका आयाम

शिक्षा केवल प्रमाणपत्र प्राप्त गर्ने वा रोजगारीको साधन मात्र होइनन्न यसले व्यक्तिको सोच, चरित्र र जीवनदृष्टिलाई आकार दिन्छ। पैसाले किन्न नसकिने केही शिक्षाका आयाम छन्, जसले शिक्षाको वास्तविक मूल्य र प्रभावलाई उजागर गर्छन्। नेपालका गाउँ–टोलमा पुस्तौँदेखि सञ्चित ज्ञान, संस्कार र जीवनपद्धति विद्यमान छन्, जसमा सहजीवन, सहयोग, कृषि–कौशल, लोककला, र सामुदायिक निर्णयको अभ्यास समावेश हुन्छन्। जब विद्यालयले यस्ता जीवनदर्शनलाई पाठ्यक्रममा समावेश गर्छन्, विद्यार्थी आफ्नो समाजको आत्मा बुझ्न र अनुभव गर्न पनि सिक्छन्। समुदाय–केन्द्रित शिक्षाले विद्यार्थीलाई स्थानीय समस्या बुझ्न र समाधानमा सक्रिय सहभागी बन्न प्रेरित गर्छ। यो सुधार सोच, दृष्टिकोण, र सम्बन्धमा आउने सकारात्मक रूपान्तरण हो।

साँचो शिक्षक ती हुन्, जसले विद्यार्थीको मन र आत्मालाई बुझ्छन्। शिक्षाको सार शिक्षकको प्रेम, सहानुभूति र प्रेरणादायी व्यवहारमा निहित हुन्छ, जसले विद्यार्थीमा आत्मविश्वास जगाउँछ, सोच्ने क्षमता विकास गर्छ, र असफलतालाई सिकाइको अवसरमा रूपान्तरण गर्छ। शिक्षा हृदयबाट सञ्चालित अभ्यास हो र शिक्षकको भूमिका आज पनि पैसाले नकिनिने शिक्षाको केन्द्रीय आधार बनेको छ। विद्यालय लोकतन्त्रको प्रारम्भिक अभ्यासस्थल हो, जहाँ विद्यार्थीले समूहमा काम गर्न, विचार आदानप्रदान गर्न र साझा निर्णय लिन सिक्नु पर्छ। जब विद्यालयले प्रतिस्पर्धाभन्दा सहकार्यलाई प्राथमिकता दिन्छन् तब विद्यार्थी जिम्मेवार, संवेदनशील र सहभागी नागरिकका रूपमा विकसित हुन्छन्। नेल्सन मण्डेलाले भने जस्तै शिक्षाले केवल व्यक्तिको चेतना विस्तार गर्दैन, समाजको रूपान्तरण पनि सम्भव बनाउँछ। विद्यालयले नैतिकता, सहिष्णुता, र सामाजिक उत्तरदायित्वको अभ्यास गराउन सके मात्र राष्ट्रले चरित्रवान नागरिकहरू उत्पादन गर्न सक्छ।

साँचो शिक्षा प्रमाणपत्र प्राप्त गरेपछि समाप्त हुँदैनन्न यो त जीवनभर निरन्तर चल्ने अभ्यास हो। जो निरन्तर पढ्छ, बुझ्छ र परिवर्तित परिस्थितिमा आफूलाई ढाल्न जान्छ, ऊ नै वास्तवमा शिक्षित हो। नेपालका पुस्तकालय, सामुदायिक शिक्षाकेन्द्र, रेडियो–पाठ, र डिजिटल प्लेटफर्मले आज पनि हजारौँ मानिसलाई नयाँ ज्ञान र अवसरका ढोका खोलिरहेका छन्। शिक्षाको यही निरन्तरता मानवीय प्रगतिको मूल ऊर्जा हो। पैसाले यस्तो जिज्ञासा, आत्मसशक्तीकरण, र खोजीको भावना किन्न सकिँदैन।

नोबेल शान्ति पुरस्कार विजेता मलाला युसुफजाईले भनेकी छन्, 'एक बालक, एक शिक्षक, एक किताब र एक कलमले संसार बदल्न सक्छ।' अझै पनि बालबालिका जात, लिङ्ग, भाषा, अपाङ्गता वा गरिबीका कारण शिक्षाबाट वञ्चित देखिन्छन्। जबसम्म शिक्षा सबैका लागि समान अवसरको माध्यम हुँदैन, तबसम्म समाजमा न्याय र समावेशी विकास सम्भव छैन। पैसाले किन्न नसकिने शिक्षा भनेको त्यो हो, जसले प्रत्येक बालकको क्षमता पहिचान गर्छ, प्रत्येक आवाजलाई अवसर दिन्छ, र असमानतालाई चुनौती दिन्छ।

नेपालको शिक्षामा सुधार अत्यावश्यक छ तर त्यो केवल आर्थिक लगानी बढाएर सम्भव हुँदैन। शिक्षाको गुणस्तर मापन शिक्षण–सिकाइको गहिराइ, शिक्षक–विद्यार्थी सम्बन्ध र नैतिक मूल्यको अभ्यासमा केन्द्रित हुनु पर्छ। विद्यालयहरूले मूल्यमा आधारित शिक्षालाई प्राथमिकता दिनु आवश्यक छ, जसले सहानुभूति, उत्तरदायित्व र सामाजिक चेतना विकास गर्छ।

परीक्षा–केन्द्रित मूल्याङ्कनको सट्टा परियोजना–आधारित र अनुभवजन्य मूल्याङ्कन प्रणाली अपनाउनु पर्छ, जसले विद्यार्थीको सिर्जनशीलता र व्यावहारिक क्षमता उजागर गर्छ। ग्रामीण तथा दुर्गम क्षेत्रका बालबालिकालाई शिक्षामा समान पहुँच दिलाउन र गुणस्तर कायम राख्न विशेष ध्यान दिनु पर्छ। शिक्षकलाई केवल पाठ्यवस्तु पढाउने होइन, प्रेरणा दिने, सोच जगाउने र मूल्य निर्माण गर्ने क्षमता विकास गर्न तालिम र स्रोत उपलब्ध गराउनु जरुरी छ।

### निष्कर्ष

पैसाले भवन, पुस्तक र प्रविधि किन्न सकिन्छ तर इमान, सहानुभूति, सोच्ने क्षमता र जीवनको अर्थ खोज्ने चेतना किन्न सकिँदैन। यही हो साँचो शिक्षा, जसले मानिसलाई जागृत, जिम्मेवार र मानवीय बनाउँछ र जीवनसँग जोड्छ। नेपालले अब केवल भौतिक विकासमा सीमित नरही, मानवीय विकासको यात्रा तय गर्न आवश्यक छ। त्यो यात्रा विद्यालयका पर्खालभित्र होइन, शिक्षकको हृदय र विद्यार्थीको चेतनामा प्रारम्भ हुन्छ। पैसाले डिग्री किन्न सकिन्छ तर दृष्टिकोण किन्न सकिँदैनन्न कक्षाकोठा निर्माण गर्न सकिन्छ तर चरित्र निर्माण गर्न सकिँदैन।

असल शिक्षा त्यो हो, जसले मानिसलाई केवल ज्ञान मात्र होइन, विवेक, करुणा र सामाजिक उत्तरदायित्व प्रदान गर्छ। जब हाम्रो शिक्षा प्रणालीले यी गुणहरूलाई आत्मसात् गर्छ, तब मात्र नेपाल साँचो अर्थमा 'शिक्षित राष्ट्र' बन्न सक्छ जहाँ शिक्षा पैसामा होइन, मानवताका मूल्यमा टेकेको हुने छ। नोबेल पुरस्कार विजेता अमर्त्य सेनले भने झैँ शिक्षा मानवीय स्वतन्त्रताको विस्तार हो। जब नेपालले यस्तो शिक्षा प्रणाली निर्माण गर्छ, जसले विद्यार्थीलाई स्वतन्त्र रूपमा सोच्न, सत्य बोल्न र समाजका लागि उत्तरदायी रूपमा काम गर्न सिकाउँछ, तब मात्र हाम्रो शिक्षाले विकाससँगै मानवताको नयाँ अध्याय लेख्ने छ। गोपबाट

# मालिस गराउने अध्यक्षको दाबी, राजीनामा दिएकै छैन, उपाध्यक्ष भन्छिन, स्वीकृत भइसक्यो

'यदि मैले राजीनामा दिएको भए तत्कालै सार्वजनिक हुन्थ्यो नि, त्यो पत्रमा दर्ता र चलानी नम्बरसमेत छैन। ४२ दिनपछि राजीनामा सार्वजनिक हुन्छ ?,' अध्यक्षको प्रश्न छ।



**शैलेन्द्र महतो**

जनकपुरधाम, २० कार्तिक।सप्तरीको अग्नीसाइर कृष्णसवरन गाउँपालिकामा पछिल्लो डेढ महिनायता एकपछि अर्को विवाद छताछुल्ल भएको छ। गत ५ असोजमा पालिका अध्यक्ष दिनानाथ चौधरीले कार्यालयमै वडा नम्बर ५ का कार्यवाहक वडाध्यक्ष हरि खंगलाई मालिस गराएको भिडियो सार्वजनिक भएको थियो। त्यो घटना सेलाउन नपाउँदै फेरि पालिका अध्यक्ष चौधरीको राजीनामा विवाद सतहमा आएको छ ।

मंगलबार साँझ अध्यक्ष चौधरीले पदबाट राजीनामा दिएको भन्दै सामाजिक सञ्जालमा पत्र सार्वजनिक भयो। ५ असोजको मिति उल्लेख गरिएको सो पत्र १८ कात्तिकमा कार्यपालिका बैठकबाट स्वीकृत भएको देखिन्छ। अग्नीसाइर कृष्णसवरन गाउँपालिका उपाध्यक्ष कल्पना चौधरी र वडा नम्बर १ का वडाध्यक्ष सबजुल खलिफाले अध्यक्षले राजीनामा दिएको बताएका छन्। 'असोज ५ गते परिषद् भएको दिन मालिस गरेको भिडियोसमेत आएको थियो, त्यही दिन अध्यक्ष चौधरीले राजीनामा पत्र बुझाउनुभएको थियो। कात्तिक १८ गतेको कार्यपालिका बैठकले सो राजीनामा स्वीकृत गरेको छ,' उपाध्यक्ष चौधरीले भनिन्।

एमालेबाट निर्वाचित वडाध्यक्ष खलिफाले पनि पालिका अध्यक्षले राजीनामा दिएको र कार्यपालिका बैठकले स्वीकृत गरेको पुष्टि गरे। यो खबर सार्वजनिक भएकै भोलिपल्ट बुधबार पालिका अध्यक्ष दिनानाथ चौधरीले प्रेस विज्ञप्ति जारी गरे। विज्ञप्तिमा आफूले राजीनामा नदिएको दाबी गर्दै त्यो पूर्ण रूपमा किर्ते र नियोजित रूपमा भ्रम फैलाउने कार्य भएको आरोप लगाएका छन्। 'मैले राजीनामा दिएको कुरा पूर्ण रूपमा मनगढन्ते र नियोजित रूपमा फैलाइएको भ्रम हो। मैले कुनै निकायमा राजीनामा पेस गरेको छैन,' उनले विज्ञप्तिमा लेखेका छन्, 'यदि मैले स्वेच्छाले राजीनामा दिएको भए, त्यस अवधिमा कार्यपालिका बैठक कसरी बस्यो ? म कागजी कारोबारमा सहभागी किन थिएँ ? मेरो सनाखत बिना कसरी राजीनामा स्वीकृत भयो ?'

यसबीच, पालिका उपाध्यक्ष कल्पना चौधरी भने अडानमा अडिग छिन्। 'अध्यक्षज्यूले राजीनामा दिनुभएको हो, त्यो असोज ६ गते आएको हो र कात्तिक १८ गते स्वीकृत भएको छ। राजीनामा दिएको छैन भनेर हुन्छ ?,' उनले भनिन्। यसबारे निर्वाचन आयोगलाई जानकारीसमेत पठाइसकिएको उनले बताइन्। गाउँपालिकामा राजीनामा सत्य हो कि अफवाह भन्ने विषयमा दुई पक्षबीचको मतभेदले थप अन्योल सिर्जना भएको छ।

पालिका अध्यक्ष दिनानाथ चौधरीले कार्यपालिकामा आफू अल्पमतमा रहेको र विपक्षी दलहरूको असहयोगका बाबजुद गाउँपालिकालाई सप्तरीकै उत्कृष्ट पालिका बनाउन सफल भएको दाबी गरेका छन्। विपक्षी दलहरूले राजनीतिक निष्ठा र संस्कारबाट विचलित हुँदै षड्यन्त्र र जालसाँजीको बाटो अपनाएको उनको आरोप छ। 'यदि मैले राजीनामा दिएको भए तत्कालै सार्वजनिक हुन्थ्यो नि, त्यो पत्रमा दर्ता र चलानी नम्बरसमेत छैन। ४२ दिनपछि राजीनामा सार्वजनिक हुन्छ ?,' उनको प्रश्न छ।

तर, पालिका उपाध्यक्ष चौधरीले दर्ता, चलानी वा सार्वजनिकभन्दा पनि राजीनामापत्रमा हस्ताक्षर कसको हो भन्ने कुरा महत्वपूर्ण रहेको जिकिर गरिन्। वडा नम्बर ६ का वडाध्यक्ष अशोककुमार आचार्य पालिका अध्यक्षको आफ्नै स्वभाव र व्यवहारका कारण यो स्थिति आएको तर्क गर्छन्। 'लामो समय पालिका अनिर्णयको बन्दी हुँदा कर्मचारी तलब–भत्ताको लागि आन्दोलनमा उत्रिए। त्यसकारण भित्रबाट पनि कि समस्या समाधान गर्नुस्, होइन भने राजीनामा दिनुस् भन्ने दबाब पालिका अध्यक्षमाथि थियो,' वडाध्यक्ष आचार्य भन्छन्, 'पालिका अध्यक्षले परिषद्कै दिन आफैं राजीनामा दिनुभयो। उहाँ होसमै हुनुहुन्नथ्यो। अहिले कुरा फेर्न मिल्दैन।' वडाध्यक्ष आचार्यका अनुसार राजीनामा दिएर कार्यालय आउन छाडेपछि पनि पटकपटक राजीनामा फिर्ता लिन आग्रह गर्दा नमानेपछि अन्ततः कार्यपालिका बैठकबाट अध्यक्षको राजीनामा स्वीकृत गरिएको हो। राजीनामा प्रकरणमा वडा नम्बर ५ का वडाध्यक्ष खंग भने पालिका अध्यक्षमाथि षड्यन्त्र भएको दाबी गर्छन्।

**स्वार्थको द्वन्दमा पालिका**

अग्नीसाइर कृष्णसवरन गाउँपालिकामा उत्पन्न विवाद कार्यपालिका भित्रको स्वार्थ–संघर्षको परिणाम हो। अध्यक्षले मालिस गराएको भिडियो प्रकरणदेखि राजीनामा विवादसम्मका घटनाहरू आन्तरिक स्वार्थ र गुटबन्दीको परिणामका रूपमा देखिएका छन्। यही कारण पालिकाको चालु आर्थिक वर्षको गाउँपरिषद् अहिलेसम्म सम्पन्न हुन सकेको छैन। पालिका उपाध्यक्ष चौधरीका अनुसार परिषद् हालसम्म सम्पन्न हुन सकेको छैन। जसका कारण कर्मचारी र जनप्रतिनिधिहरू चालु आर्थिक वर्ष २०८२/०८३ को कात्तिकसम्म तलब–भत्ताबाट वञ्चित भएका छन्। जसको कारण हो, बजेट सिलिङ र कार्यान्वयन विवाद।

वडा नम्बर ५ का कार्यवाहक वडाध्यक्ष हरि खंगका अनुसार अघिल्ला वर्षहरूमा वडाको बजेट सिलिङ मात्र ५० लाख रुपैयाँ थियो। तर यसपटक पालिका अध्यक्षले एक करोड ५० लाख रुपैयाँ दिएपछि अत्यन्त न्यून ४/५ पटा योजनामा मात्र खर्च गर्नुपर्ने सर्त र अडानका कारण उनको आफ्नै वडाध्यक्ष सहितका जनप्रतिनिधि समेत रुष्ट छन्। 'धेरै टोल छन्। अध्यक्षज्यूले डेढ करोड बजेट सिलिङ दिनुभयो। तर ४/५ वटा योजना मात्रमा कार्यान्वयन गर्नुपर्ने अडान लिनुभयो। यसरी सबै टोललाई समेट्न गाह्रो छ। जहाँको योजना हामीले समावेश गरिसकेका छौं। त्यो छाड्यो भने जनता रुष्ट हुन्छन्। यसकारण जनप्रतिनिधिहरू रुष्ट छन्,' खंगले भने ।

अग्नीसाइर कृष्णसवरनको मिश्रित परिणामका कारण कार्यपालिकामा बेलाबेला विवाद हुने गरेको छ। जनप्रतिनिधिको विवादका कारण पालिकाको कार्यसम्पादनमा समस्या हुने गरेको छ। ६ वटा वडा रहेको यस पालिकामा २०७९ को स्थानीय तह निर्वाचनमा एमालेले अध्यक्षसहित १ र ५ वडा जितेको छ। कांग्रेसले उपाध्यक्षसहित ३, ४ र ६ वडा जितेको छ भने २ नम्बर वडा माओवादी केन्द्रले जितेको हो। १४ सदस्यीय कार्यपालिकामा कांग्रेसका ८, माओवादी केन्द्र र एमालेका ३–३ सिट छन्। यसकारण अध्यक्ष चौधरी कार्यपालिकामा अल्पमतमा छन्।

एकातर्फ अधुरो परिषद् र अर्कोतिर ४ महिनादेखि पालिका प्रमुख प्रशासकीय अधिकृतविहीन हुँदा झन् निराशा चुलिएको छ। गत भदौ महिनादेखि पालिका प्रमुख प्रशासकीय अधिकृतविहीन छ। जेनजी आन्दोलनको अघिल्लो दिन भदौ २२ गते प्रमुख प्रशासकीय अधिकृतको रूपमा केशव झा आए पनि उनलाई हाजिरी हुन दिइएन। झा फिर्ता भएपछि अर्को प्रशासकीय अधिकृत आउन लागेको पालिका अध्यक्ष चौधरीले दाबी गरे।

# कर अधिकृतसहित २ जनाविरुद्ध भ्रष्टाचार मुद्दा

काठमाडौं, २० कार्तिक। अख्तियार दुरुपयोग अनुसन्धान आयोगले आन्तरिक राजस्व कार्यालय धरानका तत्कालीन कर अधिकृतसहित दुई जना र एउटा निर्माण सेवा कम्पनीविरुद्ध भ्रष्टाचार मुद्दा दायर गरेको छ। आन्तरिक राजस्व कार्यालय धरानका तत्कालीन कर अधिकृत तिलक आले, धरानको स्वामिनारायण निर्माण सेवा प्राली र त्यसका प्रबन्ध निर्देशक सन्तोषकुमार बस्नेतविरुद्ध आज विशेष अदालतमा मुद्दा दायर गरेको आयोगका प्रवक्ता राजेन्द्रकुमार पौडेलले जानकारी दिनुभयो।

मोरङको सुन्दरहरैँचा नगरपालिकाले आर्थिक वर्ष २०७६/७७ मा गछिया खोलामा नदीजन्य पदार्थ उत्खनन कार्यका लागि स्वामिनारायण निर्माण सेवा प्रालीसँग ठेक्का सम्झौता गरेको थियो। ठेक्काबापत निर्माण सेवाले आन्तरिक राजस्व

–बाँकी अन्तिम पेजमा

# जनकपुर क्षेत्र विकास परिषद् : कार्यकारी निर्देशक र अध्यक्षबिच आरोप–प्रत्यारोप

जनकपुरधाम, २० कार्तिक। विवादले धराशायी हुँदै गइरहेको बृहत्तर जनकपुर क्षेत्र विकास परिषद् फेरि अध्यक्ष र कार्यकारी निर्देशकबिचको विवाद सतहमा आएको छ। बृहत्तर जनकपुर क्षेत्र विकास परिषद्का कार्यकारी निर्देशक वैद्यनाथ पासवानले संस्कृति, पर्यटन तथा नागरिक उ यन मन्त्रालयलाई कार्यालयको वर्तमान अवस्था गम्भीर रहेको भन्दै पत्र लेखेका छन्। कार्यकारी निर्देशक पासवानद्वारा मन्त्रालयलाई पठाइएको पत्रमा विगत २०८० माघदेखि हालसम्म कार्यालयमा कार्यरत कर्मचारीहरूले तलब र भत्ता नपाएको उल्लेख छ। बिजुली र खानेपानीको सुविधा नहुँदा कार्यालय सञ्चालन ठप्प रहेको र दैनिक काम गर्न कठिनाइ भइरहेको पत्रमा उल्लेख छ।

पासवानका अनुसार २०८२ भदौ २३ र २४ गतेको जेनजी जनआन्दोलनका क्रममा कार्यालयका भौतिक संरचना र सामग्रीहरू क्षतिग्रस्त भएका थिए। तर अहिलेसम्म ती सामग्रीको मर्मत वा पुनर्स्थापना गर्ने कुनै योजना नबनाइएकाले कार्यालय निष्क्रिय बनेको उनले बताएका छन्। पासवानले परिषद्का अध्यक्ष शीतल साहमाथि निजी स्वार्थका लागि कार्यालय ध्वस्त पार्ने योजना बनाएको आरोपसमेत लगाएका छन्। उनका अनुसार ३० वर्ष सेवा अवधि पूरा गरेका कर्मचारीहरूलाई सेवा–सुविधाबाट वञ्चित गरिएको र कार्यालयको नाममा रहेका बैंक खातासमेत बन्द अवस्थामा छ।

पासवानले गत असोज १७ गते प्रकाशित कर्मचारी भर्नासम्बन्धी विज्ञापनलाई 'फेक' भनेका छन्। उनका अनुसार परिषद्मा कार्यरत २२ जना स्थायी कर्मचारीहरू रहेकै अवस्थामा नयाँ भर्नासम्बन्धी विज्ञापन प्रकाशन गर्नु कानुनविपरीत कार्य हो। उनले उक्त विज्ञापन आफूले जारी नगरेको र कार्यकारी निर्देशकको सहमतिबिना गरिएकाले अनधिकृत रहेको स्पष्ट पारेका छन्। उनले पत्रमार्फत मन्त्रालयलाई उक्त विज्ञापन तत्काल रोक्का गर्न र यस विषयमा आवश्यक कार्यान्वयन गर्न आग्रह गरेका छन्। लामो समयदेखि तलब र भत्ता नपाउँदा परिषद्का कर्मचारीहरू कार्यविहीन बनेका छन्। बिजुली र खानेपानी नहुँदा कार्यालयमा बस्नै नसक्ने अवस्था भएको कार्यकारी निर्देशक पासवानको भनाइ छ।

पासवानले उक्त पत्रको प्रतिलिपि प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय, अर्थ मन्त्रालय, लोक सेवा आयोग, जिल्ला प्रशासन कार्यालय धनुषा र महोत्तरी तथा कोष तथा लेखा नियन्त्रक कार्यालय धनुषालाई समेत पठाएका छन्। जनकपुरधाम र आसपास क्षेत्रको सांस्कृतिक तथा भौतिक विकासका लागि स्थापना गरिएको परिषद् पछिल्ला वर्षहरूमा विवाद, राजनीतिक हस्तक्षेप र आर्थिक अनियमितताका कारण विवादित बन्दै आएको छ। कार्यकारी निर्देशकद्वारा पठाइएको पत्रले परिषद्भित्रको सत्ता संघर्ष र प्रशासनिक संकट फेरि उजागर गरेको हो।

**निर्देशकमाथि अध्यक्ष शीतल साहको 'काउन्टर'**

यता जनकपुर बृहत्तर क्षेत्र विकास परिषद्का अध्यक्ष शीतल साहले वैद्यनाथ पासवानले राजीनामा दिसकेकाले उनले कार्यालयको काममा उल्टै अवरोध सिर्जना गरिरहेको आरोप लगाए। उनले पासवान बृहत्तरका कर्मचारी अब नरहेको र कार्यालयको काममा केही कर्मचारीसँग गुटबन्दी गरी कार्यालयको माहोल बिगार्ने गरेको बताए। उनका अनुसार कार्यालयको स्टाम्प र छापको केही कर्मचारीले दुरुपयोग गरिरहेका छन्।

अध्यक्ष साहले आफूमाथि लगाइएको आरोप सिद्ध गर्न चुनौतीसमेत दिए। उनले भने, 'यदि मैले गैरकानुनी कुनै काम गरेको छु भने मलाई कानुनी कारबाही होस्, नभए कार्यालयलाई बन्धक बनाउने प्रयास गरिरहेकाहरूलाई कानुनी कठघरामा ल्याइयोस्।' त्यस्तै, अध्यक्ष साहले कार्यालयमा बिनाकामका कर्मचारी राखेर बृहत्तरमाथि आर्थिक बोझ बढाउने कार्य मात्रै गरिएकाले नयाँ कर्मचारीका लागि विज्ञापन आह्वान गरिएको जानकारी दिए। उनले बृहत्तरको परिषद् तथा सञ्चालक समितिको निर्णयअनुसार आफूले कर्मचारीको पदपूर्तिका लागि विज्ञापन गरिएको पनि दाबी गरे।

अध्यक्ष साहले भने, 'परिषद्मा स्थायी प्रकृतिका कर्मचारी राख्ने गरी व्यवस्था नरहेको र नयाँ कर्मचारी भर्ना गर्ने अधिकार अध्यक्षलाई दिएको कुरा ऐनमै उल्लेख छ।' आफूले परिषद्को काम फेरि द्रुत गतिमा अगाडि बढाउने अभिप्रायले आफ्नो अधिकारको प्रयोग गरी विज्ञापन गरेको दाबी गरे। कर्मचारीहरूले महिनौँदेखि तलब नखाएको स्वीकार गर्दै उनले भने, '३७ महिना मेरो नियुक्ति भएको भइसक्यो तर मैले एकसुको तलब यहाँबाट पाएको छैन।' तलब दिने कर्मचारीहरू नै भएका तर नियमसंगत तलब नदिएको विषयमा आफूलाई अनावश्यक रूपमा विवादित नबनाउन उनले आग्रह गरे।

# ठेकेदारको बदमासीले स्थानीयलाई सास्ती

सर्लाही, २० कार्तिक। ठेकेदारको बदमासीका कारण हुलाकी राजमार्ग कालोपत्रे नहुँदा सदरमुकाम मलंगवाका स्थानीय धुलोको मार खेप्न बाध्य छन्। पूर्वपश्चिम हुलाकी राजमार्ग अन्तर्गत अन्य भागमा यसअघि कालोपत्रे भए पनि मलंगवा बजारको मुख्य भागमा सात सय मिटर सडक अधुरो छ। मलंगवाको टावरचोकदेखि भन्डाबजारसम्मको सडक बर्सौंदेखि अलपत्र रहँदा स्थानीय र यात्रु धुलोबाट हैरान छन्। सडक कालोपत्रे गर्न माग गर्दै स्थानीयले बारम्बार आन्दोलन गर्दै आइरहेका छन्। सडक कालोपत्रेका लागि दबाब दिन स्थानीयले मंगलबार भेला गरेरै मलंगवा नगर संरक्षण तथा सुधार समिति नै गठन गरेका थिए।

सोही समितिको अगुवाइमा बुधबार बिहान राजमार्गमा चक्काजाम गरिएको छ। समितिका अगुवा एवं मलङ्ग्वा नगरपालिका-२ का स्थानीय सोहन भाले सडक कालोपत्रेको मागसहित बारम्बार आन्दोलन गर्दा पनि ठेकेदारले आलटाल गर्दै आइरहेको गुनासो गर्नुभयो। भाका अनुसार सडक कालोपत्रे गर्न दबाब दिने उद्देश्यले बुधबारदेखि अनिश्चितकालीन चक्काजाम सुरु गरेपछि ठेकेदारले निर्माणमा प्रयोग हुने सवारीसाधन ल्याएर निर्माण सामग्री खसाल्न थालेपछि तत्कालका लागि आन्दोलन रोकिएको छ। मलंगवा बजार क्षेत्रको सडक कालोपत्रे गर्न हिमडुङ एन्ड ठोकर/हिरा एन्ड नमिता जेभीले २०७३ साल असार मसान्तभित्र काम सक्ने गरी ठेक्का पाएको थियो। २०७६ सालमै कालोपत्रे भइसक्नुपर्ने सडक अहिलेसम्म अलपत्र छ। सडक विभागले सडक कालोपत्रेका लागि अहिलेसम्म सात पटक म्याद थप गरिसकेको छ। निर्माण व्यवसायीलाई अन्तिम पटक दिइएको म्याद गत असोज ३१ गते सकिएको हुलाकी राजमार्ग निर्देशनालय योजना कार्यालय जनकपुरले जनाएको छ।

कार्यालयका इन्जिनियर रञ्जित रायले ठेकेदारलाई आठौं पटक पुनः म्याद प्रदान गर्ने प्रक्रिया अगाडि बढेको जानकारी दिनुभयो। इन्जिनियर रायले भन्नुभयो, "ठेक्का थप गर्ने प्रक्रिया अगाडि बढेको थियो तर जेनजी आन्दोलनपछि रोकिएको हो। अहिले म्याद थप्ने र ठेकेदारलाई काम गर्न ताकिता दिने काम भइरहेको छ।" ठेकेदारले निकै सुस्त गतिमा काम गरेको इन्जिनियर रायको भनाइ छ। स्थानीयले अनिश्चितकालीन आन्दोलन गर्ने चेतावनी दिएपछि जिल्ला प्रहरी कार्यालय सर्लाहीले ठेकेदार चन्द्रिका साहलाई हिजो कार्यालयमै बोलाएर स्थानीयसँगै राखेर छलफल गराएको थियो।

छलफलमा ठेकेदार साहले सडक कालोपत्रेको बाँकी काम तत्काल अगाडि बढाउने प्रतिबद्धता जनाएका जिल्ला प्रहरी कार्यालय सर्लाहीले जनाएको छ। हुलाकी राजमार्ग निर्देशनालय, योजना कार्यालयका इन्जिनियर रायका अनुसार मलंगवा बजारको कालोपत्रे हुन बाँकी सात सय मिटर सडकमा अहिलेसम्म बेस बिछ्याउने काम मात्रै भएको छ।

# एम्बुलेन्सबाट गाँजा तस्करी !

मोरङ, २० कार्तिक। मोरङको जहदा गाउँपालिकाबाट सिरहाको एम्बुलेन्समा लागुऔषध गाँजा प्रहरीले बरामद गरेको छ। एम्बुलेन्स चालकसहित २ जनालाई पक्राउ गरेको मोरङ प्रहरीले जनाएको छ। जहदा गाउँपालिका-३ हात्तिबन्दा हुँदै दक्षिण जाँदै गरेको सिरहाको नेपाल रेडक्रस सोसाइटी जिल्ला उपशाखा सुखीपुर-१० दहीपौडीको एम्बुलेन्सबाट लागुऔषध गाँजा बरामद गरेको मोरङ प्रहरी प्रवक्ता डिएसपी कोपिला चुँडालले जानकारी दिइन्।

उनका अनुसार बुधबार राति १० बजेतिर दक्षिण सीमा क्षेत्रतर्फ मोटरसाइकलको स्कटिङमा बिरामी नबोकी जाँदै गरेको एम्बुलेन्सलाई शंका लागी चेक गाँजा भेटिएको थियो। गाँजा ओसारपसारमा संलग्न एम्बुलेन्स चालकसहित २ जनालाई प्रहरीले पक्राउ गरेको हो। एम्बुलेन्स चालक विराटनगर-५ का ३२ वर्षीय दुर्गाप्रसाद राजवंशी र मोटरसाइकल स्कटिङ गर्ने जहदा गाउँपालिका-३ का ३२ वर्षीय दिलीपकुमार राजवंशीलाई पक्राउ गरेको डिएसपी चुँडालले बताइन्।

राति १० बजेतिर जहदा गाउँ हुँदै दक्षिणतर्फ जाँदै गरेको स १ च ६५६ नम्बरको एम्बुलेन्सलाई को ३१ प ८८८९ नम्बरको मोटरसाइकलले स्कटिङ गर्दै लैजाँदै गरेको थियो। सिरहाको एम्बुलेन्स स्कटिङ गर्दै लगेको देखेपछि प्रहरीलाई शंका लागेर रोकेर चेक गरेको बताउँदै, डिएसपी चुँडालले भनिन्, 'यहाँकै एम्बुलेन्स भए पनि बिरामी लिन गएको हो भन्ने हुन्थ्यो। तर, यहाँको एम्बुलेन्स नभई बाहिरको भएको हुँदा थप शंका लागेपछि तत्काललै स्कटिङ गरेको मोटरसाइकल र एम्बुलेन्सलाई रोकेर चेक गर्दा एम्बुलेन्सभित्र कालो रंगको झोलामा लुकाइछिपाइ राखेको अवस्थामा ३३ किलो ६१० ग्राम गाँजा फेला पर्‍यो।'

कसैले शंका नगर्ने भएको हुँदा एम्बुलेन्समा गाँजा राखेर भारततर्फ लैजान लागेको हुनसक्ने प्रहरीले अनुमान गरेको छ। एम्बुलेन्ससहित उनीहरूलाई नियन्त्रणमा लिएर थप अनुसन्धान अघि बढाएको प्रहरीले जनाएको छ।

# निर्वाचन नजिकिँदै गर्दा बारामा मतदाता नामावलीमा नाम दर्ता गर्नेको भिड

**शिवशंकर मिश्र**

बारा, २० कार्तिक। आगामी फागुन २१ गते हुने प्रतिनिधि सभा निर्वाचनको लागि आयोगले सुरु गरेको मतदाता नामावली दर्ता गराउने सेवाग्राहीको भीड दिनानुदिन बढ्दै गएको छ। राजनीतिक दलहरूले तयारीमा सक्रियता देखाइरहेका बेला आम नागरिकहरू भने आफ्नो नाम मतदाता नामावलीमा समावेश गर्न व्यस्त भएका छन्। प्रमुख निर्वाचन अधिकृत नवीन चौधरीका अनुसार निर्वाचनसम्बन्धी अध्यादेश असोज १० गते जारी गरेपछि कार्तिक १९ गतेसम्म तनि हजार ८५० जना नयाँ मतदाता थपिएका छन्।

ती मध्ये दुई हजार हजार ४३७ पुरुष र एक हजार ४१३ जना महिला गरि तीन हजार ८५० जना नयाँ मतदाता थपिएका उहाँले बताउनुभयो। उहाँले भन्नुभयो, "दैनिक दुई सयदेखि २५० जना सेवाग्राही नाम दर्ता, संशोधन र अद्यावधिकका लागि कार्यालय आउने गरेका छन्।" आयोगले नाम दर्ता तथा अद्यावधिकको समय कार्तिक मसान्तसम्म तोकेको छ, नाम दर्ता प्रक्रिया खुला गरेपछि दैनिक सयौँ नागरिकहरू कार्यालयमा आउने गरेका छन्। यस्तै, १७८ जनाले नाम, ठेगाना र थरमा त्रुटि सच्याउने तथा अद्यावधिक गराउने काम गरेका छन्।बारा जिल्लामा हालसम्म कुल मतदाता संख्या चार लाख ४० हजार ५१५ जना छन्।

तीमध्ये एक लाख ९९ हजार ३४३ जना महिला, दुई लाख ४१ हजार १६१ जना पुरुष र ११ जना अन्य तेस्रो लिङ्गी रहेको जिल्ला निर्वाचन कार्यालय बाराका नायब सुब्बा तथा सूचना अधिकारी मुकेशकुमार सिंहले जानकारी दिनुभयो। यो संख्या २०८२ असार मसान्तसम्मको तथ्याङ्क हो। उहाँका अनुसार, दरबन्दी अभावका बीच पनि कार्यालयले सहायक कर्मचारीहरूको सहयोगमा हरेक दिन बिहान ८ बजेदेखि साँझ ६ बजेसम्म मतदाता नामावली दर्ता, संशोधन र अद्यावधिकको कार्य नियमित रुपमा सञ्चालन भइरहेको सिंहले बताउनुभयो।

निर्वाचन नजिकिँदै गर्दा जनचासो र सहभागिता बढ्दै गएको देखिएको छ। स्थानीय तहका बासिन्दाहरू आगामी निर्वाचनमा आफ्नो मताधिकार प्रयोग गर्न उत्साहित देखिएका छन्। युवादेखि वृद्धासम्मको नागरिकहरू लोकतान्त्रिक अधिकारको प्रयोगका लागि मतदाता नामावलीमा नाम समावेश गराउन उत्साहपूर्वक कार्यालयमा आउने गरेका छन्। निर्वाचन कार्यालयले नाम छुटेका मतदाताहरूलाई निर्धारित समयभित्र नाम दर्ता गर्न अनुरोध गर्दै सूचना अभियान पनि सञ्चालन गरेको छ।

## *चिकित्सकहरूको...*

पनि आफूले सञ्चालन गरेको अस्पताल वर्गीकरण भई सरकारले तोक्ने तलब सुविधा चिकित्सकहरूलाई उपलब्ध गराउने बताए। उनीहरूले वर्गीकरण हुन १ महिनाको समय रहेकोले अहिलेका लागि आन्दोलनदत्त स्वास्थ्य कर्मीहरूलाई अस्पताल फर्किन आग्रह गरेका छन्।

## *कर अधिकृतसहित...*

कार्यालयमा दाखिला गर्नुपर्ने मूल्य अभिवृद्धि कर (भ्याट) रकम १ करोड २३ लाख ६९ हजार ६ सय ४९ रुपैयाँ दाखिला नै नगरी अनियमितता गरेको उजुरी अख्तियारमा परेको थियो।

अनुसन्धानका क्रममा कर अधिकृत तिलक आले र कम्पनीका निर्देशक सन्तोषकुमार बस्नेतले भ्याट दाखिला गरेको भनी झुट्टा लिखत बनाएको पाइएको अख्तियारले जनाएको छ।

## *३ थान बन्दुक...*

राइफलको ब्लयाङ्क राउन्ड दुई सय पाँच थान, इन्सास राइफलको म्यागिजन १६ थान र ठूलो चाइनिज पेस्तोलको म्याग्जिन दुई थान बरामद गरेको हो।

छुवाछुत एक सामाजिक अपराध र मानव अधिकारको हनन् हो। समाजबाट छुवाछुत प्रथा हटाउने दायित्व प्रत्येक नागरिकको हो। छुवाछुतलाई कानूनले दण्डणीय अपराध घोषणा गरेको छ।










मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक** : राम बाबु यादव, **सम्पादक** : कमलेश कुमार यादव, **सह-सम्पादक** : सत्य नारायण चौधरी, **कानुनी सल्लाहाकार**: कृष्ण प्रसाद दंगाल **कम्प्यूटर ले-आउट** : मार्गानुगामी दैनिक **कार्यालय** : गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ *e-mail* : mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक** : न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)